# नेपाल विपद् व्यवस्थापन घोषणापत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानिय तहको क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रममा आज मिति २०७९ साल भाद्र महिनाको २९ गतेको दिन हाम्रो वृन्दावन नगरपालिकाले आफ्नो क्षेत्र भित्र विपद्बाट हुन सक्ने जोखिमलाई न्युनिकरण गर्दै आफनो समुदायको अमुल्य जन-जीवन, धनसम्पत्ति तथा सार्वजनिक सम्पतिको संरक्षण गर्न मानवीय सिद्धान्त, लैङ्गिक समानता र सामाजिक समावेशीतालाई समेत आत्मसात गर्दै तत्काल विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि निम्न कार्यहरु गर्न प्रतिवद्ध भई १० वुदे नेपाल विपद् व्यवस्थापन घोषणापत्र जारी गरेका छौ ।

**स्थानीय तहमा नीति नियमको तयारी**

१. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको व्यवस्था / कार्यान्वयन गर्नेछौ ।

२. स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना, कोष संचालन कार्यविधि तयार तथा राहत मापदण्ड वनाएर कोष संचालनलाई यथोचित रुपमा प्रयोग गर्नेछौ ।

३. स्थानीय आपतकालीन संचार केन्द्रको स्थापना तथा संचार केन्द्र कार्यविधि तयार/कार्यान्वयन गर्नेछौ ।

४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको तयार/कार्यान्वयन तथा अध्यावधिक गर्नेछौ र स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति क्रियाशिल गरी नियमित बैठक गर्नेछौ ।

५. विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको तयार/कार्यान्वयन तथा अध्यावधिक गर्नेछौ ।

**विपद् व्यवस्थापनलाई विकास योजनामा मुलप्रवाहिकरण**

६. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा उल्लेखित विपद् व्यवस्थापनका क्रियाकलापहरुलाई समावेशी प्रकियाबाट वडा हुदै पालिका स्तरीय विकास योजनाको प्रक्रियामा मुलप्रवाहीकरण गर्नेछौ ।

७. विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकेर निजलाई विपद् व्यवस्थापनसँग सम्बन्धित बिषयवस्तुमा समन्वय र सहकार्यको लागि परिचालन गर्नेछौ ।

८.आपतकालीन खोज तथा उद्धार र राहत सामाग्रीहरुको पालिका हुदै वडातह सम्मै उचित व्यवस्थापन, भण्डारण र बेलाबखतमा सामाग्रीहरुको अध्यावधिक गर्नेछौ ।

९. स्थानीय स्तरमा जोखिम क्षेत्रको नक्सांकन, निकास मार्ग पहिचान र नक्सांकन, खुला क्षेत्रको पहिचान र संरक्षण गर्नेछौ ।

१० विपद्को क्षेत्रमा अनुभव र सीप भएका जनशक्तिको (खोज तथा उद्धार, विपद् व्यवस्थापन, प्राथमिक उपचार, मनोसामाजिक परामर्श, स्वयंसेवक र अन्य कुनै विषय) क्षमता अभिवृद्धि, पुर्नताजगी तालिम, सम्पर्क सुची तयारी तथा अध्यावधिक गरी विपद्को समयमा परिचालन गर्नेछौ ।

Scanned with CamScanner